# यौनिक तथा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने विधेयक

२०६६

# यौनिक तथा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६६

प्रस्तावनाः

प्रचलित नेपाल कानूनमा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुका विरुद्धमा कायम रहेका भेदभावजन्य व्यवस्थाहरुलाई समायानुकुल परिवर्तन गरि यौनिक तथा लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बाञ्छनिय भएकोले नेपालको अन्तरीम संविधान २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका संसदले यो ऐन बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः

१) यस ऐनको नाम : यौनिक तथा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६६ रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२ मुलुकी ऐनमा संशोधनः मुलुकी ऐनको :

अदालती बन्दोवस्तको महलको

१) ११ नं.को देहाय ४ (क) पछि ४(क) (१) थपिएको छः- “यौनिक तथा लैंगिक अल्पसंख्यक वादी वा प्रतिवादी भएको मुद्दा--४(क)(१) ” भन्ने बाक्यांस थपिएको छ ।

२) ३० नं.मा रहेको “आफ्ना हाडमा अपुताली परे खान पाउने नाता र मामा माइज्यु, सानी ठूली आमा, सानु ठूलो बाबु, सासु, ससुरा, फूपु, फुपाज्यू, जेठा, साला, मीत, आफ्ना दिदी वहिनि, छोरी, र यिनै दिएका जुवाई, भानिज, भाञ्जी, भाञ्जी वुहारी, आमाका बाबु वा आमा” भन्ने शव्द पछि “तेश्रो लिंगी, समलिंगी सन्तान” भन्ने शव्दहरु राखिएका छन् ।

३) ११७ नं.मा रहेको “स्वास्नी मानिसलाई पक्रन पठाउनु पर्दा स्वास्नी मानिस सिपाही भएका अड्डाले स्वास्नी मानिस सिपाही र नभएका अड्डाले दुईजना सिपाहीले डाकी ल्याउनु पर्छ । लोग्ने मानिसले हात हाली पक्रन हुँदैन । नआई अडिई भने मात्र नाडीमा समाई ल्याउनु पर्छ ।” भन्ने वाक्याँस पछि “तेश्रो लिंगीलाई पक्राउ गर्दा सकेसम्म सम्वन्धित लिंगका प्रहरीले र त्यस्ता प्रहरी

नभएमा महिला र पुरुष दुवै सम्मिलित कम्तिमा २ जना प्रहरीले डाकी ल्याउनु पर्छ ” भन्ने वाक्यांस राखिएको छ ।

दण्डसजायको महलको :

१) २७ नं.मा रहेको “विवाह भएका छोरा छोरी” भन्ने शव्दको सट्टा “विवाह भएका सन्तान” भन्ने शव्द राखिएको छ ।

लोग्ने स्वास्नीको महलको:

१ नं.को देहाय ३ पछि देहाय ४ नं. थपिएको छ ।

१) १ को देहाय ४ नं.मा “यौनिक तथा लैगिक अल्पसंख्यक व्यक्तिलाई निजको इच्छा विपरित जवरजस्ती विवाह गरिदिएको भएमा त्यस्तो यौनिक तथा लैगिक अल्पसंख्यक व्यक्तिले सो विवाहलाई स्वीकार नगरे सम्वन्ध विच्छेद गर्न पाउँछ ।.........१(४) ” भन्ने वाक्यांस थपिएको छ ।

२) ५ नं.मा रहेको “ लोग्ने मानिस र स्वास्नी मानिस भन्ने शव्दको सट्टामा “दम्पती” भन्ने शव्द राखिएको छ ।”

अंशवण्डाको महलको:

१) १.१ नं.मा रहेका “ वावु आमा लोग्ने स्वास्नी छोरा छोरी” भन्ने शव्दहरुको सट्टामा “बाबु आमा, दम्पती, सन्तान” भन्ने शव्दहरु राखिएको छ ।

२) ३ नं.मा रहेको “संगै वसेका दाजुभाईका छोराछोरी” भन्ने शव्दहरुको सट्टा “ संगै बसेका दाजु भाईका सन्तान” भन्ने शव्दहरु राखिएको छ ।

३) ५ नं.मा रहेको “अंश नहुँदै लोग्ने वा वावु मरेमा निजले पाउने अंश स्वास्नी वा छोरा छोरीले पाउँछन् ” भन्ने बाँक्यांसको सट्टा “ अंश नहुँदै कुनै अंशियारको मृत्यु भएमा निजले पाउने अंश निजका अंशियारले बाँडी खान पाउँछन् ” भन्ने बाक्यांश राखिएको छ ।

४) ५(क) नं. मा रहेको “त्यस्तो दम्पत्तिबाट जन्मिएका छोरा छोरी” भन्ने बाक्यांसको सट्टा “त्यस्तो दम्पति बाट जन्मिएका सन्तान” भन्ने शव्दहरु राखिएको छ ।

५) ८नं. मा रहेको “प्रकाश नगरी वाहिर राखेका स्वास्नीले वा उसबाट जन्मेका छोरा छोरी” भन्ने शव्दहरुको सट्टा “प्रकाश नगरि बाहिर राखेका जीवन साथीले वा उसबाट जन्मेको सन्तानले ” भन्ने शव्दहरु राखिएको छ ।

६) १० नं.मा रहेको " छोरा छोरी" भन्ने शव्दको सट्टा "सन्तान" भन्ने शव्द राखिएको छ ।

७) १०(ख) नं. रहेको "छोरा छोरी" भन्ने शव्दको सट्टा " सन्तान" भन्ने शव्द राखिएको छ ।

८) ११ नं. मा रहेको "छोरा, छोरा छोरी " भन्ने शव्दको सट्टा " सन्तान" भन्ने शव्द राखिएको छ ।

९) १४नं. मा रहेको "छोरा छोरी" भन्ने शव्दको सट्टा " सन्तान" भन्ने शव्द राखिएको छ ।

१०) १७ नं. मा रहेको " छोरा छोरी" भन्ने शव्दको सट्टा " सन्तान" भन्ने शव्द राखिएको छ ।

११) १९ नं. मा रहेको "अंश नलिएका स्वास्नी, छोरा अविवाहित छोरी" भन्ने शव्दहरुको सट्टा "अंश नलिएका जीवन साथी ,सन्तान" भन्ने शव्दहरु राखिएका छन ।

धर्मपुत्र/धर्मपुत्रीको महलको:

१) २ नं. मा रहेको "आफ्नो छोरा छोरी" भन्ने शव्दको सट्टा " आफ्नो सन्तान" भन्ने शव्द राखिएको छ। धर्म सन्तान शब्दले धर्मसन्तान समेतलाई जनाउनेछ।

२) १० नं. मा रहेको "बालबालिका " भन्ने शव्दको सट्टा " सन्तान" भन्ने शव्द राखिएको छ ।

३) ११ नं. मा रहेको " धर्मपुत्र वा धर्मपुत्री " भन्ने शव्दहरुको सट्टा " धर्म सन्तान" भन्ने शव्द राखिएको छ ।

४) १२ नं. मा रहेको "एउटा मात्र छोरा वा छोरी" भन्ने शव्दहरुको सट्टा "एउटा मात्र सन्तान" भन्ने शव्द राखिएको छ ।

५) १२(ख) नं. मा रहेको "धर्मपुत्र वा धर्मपुत्री " भन्ने शव्दहरुको सट्टा "धर्म सन्तान " र " छोरा छोरी " भन्ने शव्दको सट्टा "सन्तान" भन्ने शव्द राखिएको छ ।

स्त्री अंशधनको महलको:

१) ५ नं.मा रहेको "छोरा छोरी" भन्ने शव्दको सट्टा "सन्तान" भन्ने शव्द राखिएको छ ।

स्त्री अंशधनको महल पछि महल १४(क) थपि तेश्रो लिंगीको अंशधनको महल राख्नु पर्ने ।

६ (१) तेश्रो लिंगीको अंशधनको महल

१) तेश्रो लिंगी व्यक्तिले आफ्नो आर्जनको चल अचल सम्पत्ति आफुखुश गर्न पाउँछन् ।

२) तेश्रो लिंगीले अंश वापत प्राप्त गरेको चल अचल सम्पत्ति आफूखुश गर्न पाउँछन् ।

३) माथि देहाय (१) र (२) नं. बमोजिम तेश्रो लिंगीले प्राप्त गरेको चल अचल सम्पत्ति आफूखुश गर्न पाउँछन् । उ मरे पछि यसले खानु भनी लिखत गरि दिएका रहेछन भने लिखतै बमोजिम हुन्छ । लिखत रहेनछ भने निजको जीवन साथी, जीवन साथी पनि रहेनछ भने सन्तानले वाँडी खान पाउँछन् ।

४) तेश्रो लिंगीले आफ्नो हक पुग्ने अरु सम्पत्ति कसैलाई अघिबाट दान,बकस विक्री समेत केही व्यहोरा संग दिइ जसलाई दान वकस विक्री गरि दिएको हो उसै सित विवाह गरेमा सो दिइ लिएको सदर हुँदैन, हक पुग्नेले फिर्ता गरि लिन पाउँछ ।

५) यस महलमा लेखिएको कुरामा विवाह गरेको मितिले र अरुमा भए गरेका मितिले २ वर्ष भित्र नालिस नदिए लाग्न सक्दैन ।

अपुतालीको महलको

१) २ नं. मा रहेको “छोरा, अविवाहित छोरी” भन्ने शब्दको सट्टा “सन्तान” भन्ने शब्द राखिएको छ ।

२) ३ नं. मा रहेको “ छोरा, अविवाहिता छोरी” भन्ने शव्दहरुको सट्टा “ सन्तान” भन्ने शव्द राखिएको छ साथै “विवाहिता छोरी वा छोरी ज्वाई” भन्ने शव्दहरुको सट्टा “विवाहित सन्तान तथा निजको जीवन साथी” भन्ने शव्दहरु राखिएका छन् ।

३) ६ नं. मा रहेको “ छोरा, अविवाहिता छोरी” भन्ने शव्दको सट्टा “ सन्तान” भन्ने शव्द राखिएको छ ।

४) ७ नं.मा रहेको “ लोग्ने स्वास्नी ” भन्ने शब्दको सट्टा “दम्पती,” “छोरा, अविवाहिता छोरी” भन्ने शब्दको सट्टा “ सन्तान”, “ एकै बाबु बाट जन्मिएका

दाजु भाई वा दिदी बहिनी" भन्ने शव्दको सट्टा "आफूलाई जन्म दिने बाबुबाट जन्मिएका सन्तान" भन्ने शव्दहरु राखिएका छन् ।

५) ९नं. मा रहेको " छोरा, अविवाहित छोरी" भन्ने शव्दको सट्टा " सन्तान" भन्ने शव्द राखिएको छ । साथै "छोरा, अविवाहिता छोरी, बुहारी" भन्ने शव्दहरुको सट्टा "सन्तान तथा निजको जीवन साथी" भन्ने शव्दहरु राखिएका छन् ।

६) १० नं. मा रहेका "छोरा, अविवाहिता छोरी" भन्ने शव्दहरुको सट्टा " सन्तान" भन्ने शव्द राखिएको छ साथै "लोग्ने स्वास्नी" भन्ने शव्दको सट्टा "दम्पती " भन्ने शव्द राखिएको छ ।

७) १२ नं. मा रहेको "कुनै भाई वा अविवाहिता वहिनी" भन्ने शव्दहरुको सट्टा " आफूलाई जन्म दिने बाबु आमाका सन्तान" भन्ने शव्दहरु राखिएको छ ।

**आसय करणीको महलको**

१) १ नं. मा रहेको "कसैले कुनै महिला"भन्ने शव्दको सट्टा "कसैले कुनै व्यक्ति" भन्ने शव्द राखिएको छ ।

२) ५ नं. मा रहेको " स्वास्नी मानिस" भन्ने शव्दको सट्टा "जो कोही " भन्ने शव्द राखिएको छ ।

**जवरजस्ती करणीको महलको**

१) १ नं. मा रहेको "महिला" भन्ने शव्दको सट्टा "व्यक्ति" भन्ने शव्द राखिएको छ साथै " बालिका" भन्ने शव्दको सट्टा "नाबालक" भन्ने शव्द राखिएको छ ।

२) २ नं. मा रहेको "हाडनाताकी स्वास्नी मानिस" भन्ने शव्दको सट्टा " हाडनाताको व्यक्ति" भन्ने शव्द राखिएको छ ।

३) ३ नं. मा रहेको " वालिका" भन्ने शव्दको सट्टा "नाबालक" भन्ने शव्द र "महिला" भन्ने शव्दको सट्टा " व्यक्ति" भन्ने शव्द राखिएको छ साथै "लोग्ने स्वास्नी" भन्ने शव्दको सट्टा "दम्पती" भन्ने शव्द राखिएको छ ।

४) ९ नं. मा रहेको " स्वास्नी मानिस" भन्ने शव्दको सट्टा "व्यक्ति" भन्ने शव्द राखिएकोछ ।

५) १० नं.मा रहेको "महिला" भन्ने शव्दको सट्टा "व्यक्ति" भन्ने शव्द र "छोरा, छोरी" भन्ने शव्दको सट्टा "सन्तान" भन्ने शव्द राखिएको छ ।

६) १०(क)यस महल अर्न्तगत कुनै अपराधको अनुसन्धान र तहकिकातको सिलसिलामा “पीडित स्वास्नी मानिस” भन्ने शव्दहरुको सट्टा “पिडित व्यक्ति” भन्ने शव्दहरु राखिएको छ । “ पीडित स्वास्नी मानिसको बयान महिला प्रहरीले गराउनु पर्छ, महिला प्रहरी नभएमा समाजसेवी व्यक्तिले गराउनु पर्छ” भन्ने बाक्याँसहरुको सट्टा “पिडित व्यक्तिको बयान गराउँदा निजको लैगिक पहिचान अनुसारको प्रहरी कर्मचारीले गराउँनु पर्छ, त्यस्तो प्रहरी कर्मचारी नभएमा महिला प्रहरीले गराउनु पर्छ” भन्ने बाक्याँस राखिएकोछ ।

७) १०(ख) मा रहेको “पीडित स्वास्नी मानिस” भन्ने शव्दहरुको सट्टा “पिडित व्यक्ति” भन्ने शव्द राखिएको छ ।

८) “१०(ग) म रहेको “महिला” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

**हाडनाता करणीको महलको**

१) १ नं.मा रहेको “ आफ्नो एकै वावुबाट जन्मेका दिदी वहिनी वा आफूले जन्माएका छोरा” भन्ने शव्दहरुको सट्टा “आफ्नो एकै बाबुबाट जन्मेका सन्तान वा आफूले जन्माएको सन्तान” भन्ने शव्दहरु राखिएको छ ।

२) २नं.मा रहेको “ स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

३) ३ नं.मा रहेको “ स्वास्नी मानिस ” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द, “ छोरी” भन्ने शव्दको सट्टा “सन्तान” भन्ने शव्द र “छोरा बुहारी” भन्ने शव्दको सट्टा “छोराको जीवन साथी” भन्ने शव्दहरु राखिएको छ ।

४) ५ नं.मा रहेको “ छोरी” भन्ने शव्दको सट्टा “सन्तान” भन्ने शव्द राखिएको छ ।

५) ६ नं. मा रहेको “कसैले आफ्ना धर्मपुत्र छोराका स्वास्नी” भन्ने शव्दहरुको सट्टा “कसैले आफ्नो धर्म सन्तानको जीवन साथी” भन्ने शव्द तथा “ छोरी” भन्ने शव्दको सट्टा “सन्तान” भन्ने शव्द राखिएको छ ।

६) ९ नं.मा रहेको “स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

७) १० नं.मा रहेको “ लोग्ने मानिस” भन्ने शव्दको सट्टा “ व्यक्ति” भन्ने शव्द र “ स्वास्नी मानिस ” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

८) ११ नं.मा रहेको “सधवा स्वास्नी” भन्ने शव्दको सट्टा “विवाहित व्यक्ति” भन्ने शव्द राखिएको छ ।

**विवाहवारीको महलको**

१) १ नं.मा रहेको “लोग्ने स्वास्नी” भन्ने शव्दको सट्टा “दम्पति” भन्ने शव्द राखिएको छ ।

२) २ (१) नं.मा रहेको “ महिला पुरुष” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द, “बालिका” भन्ने शव्दको सट्टा “नाबालक” भन्ने शव्द, “स्वास्नी मानिस वा लोग्ने मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

३) ५नं.मा रहेको “ स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द, “लोग्ने मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

४) ७ नं. मा रहेको “लोग्ने मानिस र स्वास्नी मानिस” भन्ने शव्दहरुको सट्टा “व्यक्ति” भन्ने शव्द, “लोग्ने स्वास्नी” भन्ने शव्दको सट्टामा “दम्पति” भन्ने शव्द र “स्वास्नी” भन्ने शव्दको सट्टा “जीवन साथी” भन्ने शव्द राखिएको छ । जीवन साथी शब्दले सबै लिंगको विवाहित व्यक्तिलाई समेत जनाउनेछ ।

५) ८ नं. मा रहेको “स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द र “लोग्ने मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

६) ९नं.मा रहेको “लोग्ने मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द र “स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

**जारीको महलको**

१) १ नं.मा रहेको स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

२) २ नं. मा रहेको “स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

३) “ स्वास्नी मानिस” भन्ने शव्द पछि “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

४) ५ नं. मा रहेको “ स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

**अदलको महलको**

१)  ५ नं.मा रहेको “महिला” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ।

**३  कर्मचारी संचयकोष ऐन, २०१९**

दफा १५(क)(१)

(ख)  “ छोरा वा छोरी” भन्ने शव्दको सट्टा “सन्तान” भन्ने शव्द राखिएको।

(छ)  “ नातिनी वुहारी” भन्ने शव्दको सट्टा “नातिको जीवन साथी वा तेश्रो लिंग” भन्ने शव्द राखिएको छ।

**४  कारागार ऐन, २०१९**

दफा ६(१) (क)

“लोग्ने मानिस र स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ।

१)  “स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द, “छोरा छोरी” भन्ने शव्दको सट्टा “सन्तान” भन्ने शव्द राखिएको छ।

दफा ९

“ छोरा, छोरी” भन्ने शव्दको सट्टा “सन्तान” भन्ने शव्द राखिएको छ।

**५  गाली र वेइज्जति ऐन, २०१६**

दफा ८

“ आइमाइ” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ।

**६  जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३**

दफा ४(१)(क)

“पुरुष” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ।

**७  जिउ मास्ने, बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३**

दफा ४(ग)

“स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ।

दफा ७(१)

“स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ।

दफा ८(३)

“स्वास्नी मानिस” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ।

**८ निजामति कर्मचारी सेवा ऐन, २०४९**

दफा २(घ)

“पति पत्नी, छोरा, अविवाहिता छोरी” भन्ने शव्दको सट्टा “ दम्पति र सन्तान” भन्ने शव्द र “धर्म पुत्र, धर्मपुत्री” भन्ने शव्दको सट्टा “ धर्म सन्तान” भन्ने शव्द राखिएको छ ।

दफा ७(७)

उप दफा १ मा जुनसुकै कुरा लेखिएको भतएतापनि निजमति सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पद मध्ये ४५% पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानि देहाय बमोजिमका उम्मेद्वारवीच मात्र छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपुर्ति गरिनेछ भन्ने वाक्याँस पछि

क महिला ३२%

ख) आदिवासी/जनजाति २६%

ग) मधेशी २१%

घ) दलित ८%

ङ) अपांग ५%

च) पिछडिएको क्षेत्र ४%

छ) यौनिक तथा लैगिंक अल्पसंख्यक ४%

भन्ने व्यवस्था राखिएको छ ।

**९ नेपाल कानून व्याख्या सम्वन्धि ऐन, २०१०**

दफा २(ग)

“धर्म पुत्र” भन्ने शव्दको सट्टा “ धर्म सन्तान” भन्ने शव्द राखिएको छ ।

**१० नेपाल नागरिकता ऐन, २०२०**

दफा ६(२)

“विदेशी महिला” भन्ने शव्दको सट्टा “ विदेशी व्यक्ति” भन्ने शव्द राखिएको छ ।

दफा ६(३)

संविधानको धारा ९ को उपधारा ६ मा उल्लेखित “ छोरा, छोरी” भन्ने शव्दको सट्टा “ सन्तान” भन्ने शव्द राखिएको छ ।

**११ बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६**

दफा २(क)

“बालबालिका” भन्ने शव्दको सट्टा “ नाबालक ” भन्ने शव्द राखिएको छ ।

**१२ बालबालिका सम्वन्धि ऐन, २०४८**

दफा २(क)

“बालबालिका” भन्ने शव्दको सट्टा “ नाबालक ” भन्ने शव्द राखिएको छ ।

दफा ५

“छोरी छोरी” भन्ने शव्दको सट्टा“ सन्तान” भन्ने राखिएको छ ।

**१३ विवाह दर्ता ऐन, २०२८**

दफा ४

विवाह हुन सक्ने अवस्थाः- प्रचलित नेपाल कानूनले “पुरुष र स्त्री” भन्ने शव्दको सट्टा “ दुई व्यक्ति” भन्ने शव्द राखिएको छ ।

१) “पुरुष वा स्त्री” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

२) “पुरुष वा स्त्री” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

३) “पुरुष र स्त्री” भन्ने शव्दको सट्टा “दुई व्यक्ति” भन्ने शव्द राखिएको छ ।

दफा ५ विवाह गर्ने दरखास्तः

(१) यो ऐन बमोजिम “पुरुष र स्त्री” भन्ने शव्दको सट्टा “व्यक्ति” भन्ने शव्द राखिएको छ ।

२) उपदफा १ बमोजिम दरखास्त दिनलाई “पुरुष वा स्त्री दुवै” भन्ने शव्दको सट्टा “ व्यक्ति” भन्ने शव्द राखिएको छ ।

**१४ भिक्षा माग्ने (निषेध) ऐन, २०१८**

दफा २(क)

“केटा केटी” भन्ने शव्दको सट्टा “ नाबालक” भन्ने शव्द राखिएको छ ।

**१५ भूमि सम्वन्धि ऐन, २०२१**

दफा २(ग)

कुनै व्यक्तिको सम्वन्धमा “परिवार” भन्नाले सो व्यक्ति र निजको देहायको अवस्थाका नातेदार सम्मलाई संझनु पर्छ ।

१) “पति वा पत्नी” भन्ने शब्दको सट्टा “ दम्पति” भन्ने शव्द राखिएको छ ।

२) “ १६ वर्ष उमेर नपुगेका छोरा” भन्ने शव्दको सट्टा “१६ वर्ष उमेर नपुगेका सन्तान” भन्ने शव्द राखिएको छ ।

३) “१६ वर्ष उमेर नपुगेकी अविवाहिता छोरी” भन्ने शव्दको सट्टा “१६ वर्ष उमेर नपुगेकी छोरी तथा तेश्रो लिंगी सन्तान” भन्ने शव्द राखिएको छ ।

दफा २६(१)

“पति पत्नी छोरा” भन्ने शव्दको सट्टा “ दम्पत्ति र सन्तान” भन्ने शव्द र “धर्म पुत्र” भन्ने शव्दको सट्टा “ धर्म सन्तान”, भन्ने शव्दहरु राखिएका छन ।

**१६ मानव शरिरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५**

दफा २(ठ)

“छोरा छोरी” भन्ने शव्दको सट्टा “ सन्तान” भन्ने शव्द र “पति पत्नी, धर्म पुत्र धर्मपुत्री” भन्ने शव्दको सट्टा “दम्पत्ति र धर्म सन्तान” भन्ने शव्द राखिएको छ ।

**१७ समाज कल्याण ऐन, २०४९**

दफा ४(ख)

“विकासका लागि सहभागिता बृद्धि गर्न र महिलाहरु” भन्ने शव्दहरु पछि “ यौनिक तथा लैगिक अल्पसंख्यक ” भन्ने शव्द राखिएको छ ।

**१८ संसद सचिवालय सम्वन्धि ऐन, २०५८**

दफा २(थ)

“पति पत्नी, छोरा, अविवाहिता छोरी” भन्ने शव्दको सट्टा “ दम्पति र सन्तान” भन्ने शव्द र “धर्म पुत्र, धर्मपुत्री” भन्ने शव्दको सट्टा “ धर्म सन्तान” भन्ने शव्द राखिएको छ ।

**१९ श्रमजिवी पत्रकार सम्वन्धि ऐन, २०५१**

दफा २(ज)

“पति पत्नी, छोरा, अविवाहिता छोरी” भन्ने शव्दको सट्टा “ दम्पति र सन्तान” भन्ने शव्द र “धर्म पुत्र, धर्मपुत्री” भन्ने शव्दको सट्टा “ धर्म सन्तान” भन्ने शव्द राखिएको छ ।

**२० घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६**

दफा २(ख)

“घरेलु सम्वन्ध” भन्नाले वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको भन्ने शव्दहरुको सट्टा “ घरेलु सम्वन्ध” भन्नाले वंशज, विवाह वा धर्म सन्तान भएको भन्ने शब्दहरु राखिएको छ ।